# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## गढी गाउँपालिका

## सुनसरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. २३८

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
गढी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा लिएको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७८/७९
च.नं.: २२७

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

मिति:२०७८।५।४

श्री अध्यक्षज्यू,
गढी गाँउपालिका,
गढी गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले गढी गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २० यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु. ५९ लाख ८६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १४ लाख ७७ हजार, प्रमाण पेश गर्नुपर्ने रु. २० लाख ४१ हजार, नियमित गर्नुपर्ने रु. १५ लाख ५३ हजार र पेश्की बाँकी रु. ९ लाख १५ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## लेखापरीक्षण प्रतिवेदन

## २०७६।७७

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १०४.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०७३१ जनसंख्या रहेको छ।

**स्थानीय सञ्चित कोष** – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

### आर्थिक कारोबारको स्थिति

### आ.व.२०७६।०७७

| सि.न. | आम्दानी विवरण | | | खर्च विवरण | |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम रु | सि.न. | शिर्षक | रकम रु. |
| १ | गत बर्षको जिम्मेवारी | ७६८८६३१३.९६ | १ | चालु खर्च | ७६२२२९२३.७३ |
| | नगद सा.सु.गा.पा.को बजेट रू.२७३६०० | | २ | पुँजीगत खर्च | ८५४४४६१६.८९ |
| | नगद मल खाद बाट रू.२४७४५० | | ३ | प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ | |
| | बिपद व्य.कोष खाता रू.३३०४१६ | | | क) प्रदेश शसर्त अनुदान | १४८४२०००.०० |
| | क) धरौटी तर्फ रू.२३९३९७९ | | | ख) प्रदेश विषेश अनुदान | १६७६०००.०० |
| | ख) कर्मचारी कल्याण कोष रू.१००००० | | | ग) समपुरक अनुदान | ९९१७८६३.९७ |
| | ग) विभिन्न कोष तर्फ रू.० | | ४ | संघिय सरकारबाट प्राप्त अनुदान | |
| | घ) संचित कोष तर्फ रू.७३५४०८६८.९६ | | | क) संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | १२४४८०४६५.१७ |
| २ | आन्तरिक राजश्व | ४७०६३५९.०२ | | ख)संघीय सरकारबाट प्राप्त समपुरक अनुदान | ४००००००.०० |
| ३ | संघिय सरकार बाट प्राप्त अनुदान | | | ग)संघिय सरकारबाट प्राप्त विशेष अनुदान | १३१८६६५७.७७ |
| | वित्तिय समानिकरण | ११८९०००००.०० | ५ | संघिय सशर्त रकम फिर्ता | २६६३५२४१.६० |
| | ख)शसर्त अनुदान | १४३५८३०००.०० | ६ | करूणा फाउण्डेशन कार्यक्रम | १७६०००.०० |
| | ग)राजश्व बाँडफाँडबाट प्राप्त | ५११५२३८८.५७ | ७ | सडक बोर्ड नेपाल | ९०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | घ) समपुरक अनुदान | १०७००००० .०० | ८ | जिल्ला समन्वय समिति | १०७९०३८.७८ |
| | ङ) विशेष अनुदान | १३१८७०००.०० | ९ | संघिय सरकार कार्यक्रम | |
| [illegible] | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | सामाजिक सुरक्षा कार्यक्रम | ६६०९१५००.०० |
| | क) वित्तिय समानिकरण | ७२३६०००.०० | | पंजिकरण विभाग | ११६६०५१.०० |
| | ख) प्रदेश शसर्त अनुदान | १५३६००००.०० | | स्थानिय पुर्वाधार साझेदारी कार्यक्रम | १३७३९५५९.५८ |
| | ग) प्रदेश विषेश अनुदान | २५००००० | | गरिब संग विश्वेश्वर कार्यक्रम | ४९५०००.०० |
| | घ) समपुरक अनुदान | १००००००० .०० | १० | धरौटी फिर्ता | १४५७८२७.०० |
| | ङ)राजश्व बाँडफाँड | २७७४७६३.६५ | ११ | कोरेना सम्बन्धि खर्च(प्रकोप व्यवस्थापन कोष) | ८५५०६२७.९७ |
| [illegible] | संघिय सरकार कार्यक्रम | | १२ | बाँकी मौज्दात | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ६६०९१५००.०० | | कर्मचारी कल्याण कोष | १०००००.०० |
| | पंजीकरण विभाग | ११६६०५१.०० | | धरौटी खाता तर्फ | ४०४६४९५.०१ |
| | स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम | १३७३९५५८.९२ | | संचित कोष खाता | १०९२६८९५१.७८ |
| | गरिब संग विश्वेश्वर कार्यक्रम | ४९५०००.०० | | पुजीगत खर्च खाता | ९६२१४७.४५ |
| [illegible] | सडक बोर्ड नेपाल | ९०००००.०० | | चालु खर्च खाता | २३६६९२.६० |
| [illegible] | यस बर्षको धरोटी प्राप्त | ३११०३४३.०१ | | प्रकोप व्यवस्थापन कोष खाता | १३६५६४६.२३ |
| [illegible] | करूणा फाउण्डेशन कार्यक्रम | ५०००००.०० | | विपद व्यवस्थापन कोष खाता | ३३०४१६.०० |
| [illegible] | जिल्ला समन्वय समिति | १५०००००.०० | | | |
| [illegible] | मालपोत रजिष्ट्रेसन दस्तुर | ५७४८७९३.०० | | | |
| [illegible] | अन्तरिक मामिला तथा कानुन मन्त्रालय | ५०००००.०० | | | |
| [illegible] | प्रकोप व्यवस्थापन कोष खाता | ९९१६२७४.४० | | | |
| [illegible] | अन्य | ३०००००.०० | | | |
| | **जम्मा:** | **५६६७०२१३८.५३** | | **जम्मा** | **५६६७०२१३८.५३** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

लेखापरीक्षणको दौरानमा देहाय बमोजिम असुली भएको भौचर पेश भएको छ ।

| सि. न. | व्यहोरा | रकम | कोष |
|---|---|---|---|
| १ | वढी भुक्तानी | ३६००० | संघीय |

**लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात रु. १११४१८२७ असुल भई विभिन्न सञ्चित कोषमा दाखिला भएको छ ।**

वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय– व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।यसरी प्रतिवेदन तयार नगर्ने कर्मचारी कार्यपालिका र सभालाइ सरोकारवाला निकायले जिम्मेवार वनाउनु पर्दछ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

**आर्थिक कारोबार** - यस पालिकामा यस वर्ष रु. ४८९८१५८२५ आय भएकोमा २०७७ असार मसान्त सम्म रु. ४५०३९१७९१ खर्च भई रु. ३९४२४०३४ बचत रहेको छ। गत वर्षको मौज्दात समेत वर्षान्तमा स्थानीय कोष र अन्य कोष रु.११६३१०३४७ मौज्दात रहेको देखियो।

**आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। सो सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्।

- आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन ।
- वडाहरु र गाउपालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद ,पाडा, सुगुर ,गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार )विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको देखिएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन ।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बजेट तथा कार्यक्रम**

६. **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र

यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्ष श्री राज कुमारी चौधरीले मिति २०७६।३।१० गते रु.४८८३०२९९९ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

५. **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमा सक | द `स्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | गढी गाउँपालिका | ८५४४४६१६ | ५६७६५३३ | १३८३९३९७ | ६५१२०११३ | ३७१८९९७५ |
| २ | सडक बोर्ड नेपाल | ९००००० | ० | ३२७९१७ | ५७२०८२ | ० |
| ३ | समपुरक अनुदान केन्द्र | १०७००००० | ० | ० | ४०००००० | ४०००००० |
| ४ | प्रदेश निर्वाचन पुर्वाधार विकास कार्यक्रम | १२९२५००० | ० | ० | १३८५७००० | १०००८६७७ |
| ५ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम | २२०११००० | ० | ४२९१००० | १७२८४७४३ | १६०२१९८८ |
| ६ | समपुरक अनुदान प्रदेश सरकार | १०००००००० | ० | ० | ९९१७८६३ | ८७६५६२० |
| ७ | जिल्ला समन्वय समिति | १५००००० | ० | ८००२०९ | २७८८२८ | २७८८२८ |
| ८ | बिशेष अनुदान केन्द्र | १३१८७००० | ० | ० | १३१८६६५७ | १३१८६६५७ |
| ९ | बिशेष अनुदान प्रदेश | १५००००० | ० | ० | १५००००० | १५००००० |
| | जम्मा | १५८१६७६१६ | ५६७६५३३ | १९२५८५२३ | १२५७१७२८६ | ९०९५१७४५ |
| | प्रतिशतमा | १०० | ३ | १२ | ८५ | ५७ |

६. **पुँजीगत खर्च विधि** - कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च विधि देहाय अनुसार गरेको पाइयो ।

| स.नं | कार्यक्रमको नाम | निर्माण कार्यमा भएको कुल खर्च | कुल खर्च मध्ये उपभोक्ता समिति मार्फत भएको रकम | निर्माण व्यवसायीबाट भएको रकम |
|---|---|---|---|---|
| १. | पूर्वाधार विकास | १५८१३८००० | १०८१३४२९८ | ५०००३७०२ |
| | प्रतिशतमा | १०० | ६८ | ३२ |

कूल खर्च मध्ये उपभोक्ता समितिवाट ६८ प्रतिशत खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

७. **आन्तरिक ऋण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन।

| | | |
|---|---|---|
| ८. | **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालिन तथा दीर्घकालिन प्रकृतिका आेयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ। तर पालिकाले ११७ वटा सानो प्रकृतिका रु.५००००० भन्दा घटीका आयोजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर रु. २८८९०००० को छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ। | |
| ९. | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राखे दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन । उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराखे, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |
| १०. | **अधुरा आयोजना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले यो वर्ष देहायअनुसार रु.१४५२४५५९ खर्च भएको १० वटा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन। | |

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी/उ.स. | सम्पन्न गर्नुपर्ने मिति | यो बर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | बाटो कालेपत्रे गर्ने कार्य गढी ५ | सोरभ कन्ट्रक्सन इटहरि | २०७७/०२/१५ | ९४७२७२.८२ | १० |
| २ | बाटो कालोपत्रे गर्ने काम गढी २ बिपि चोक बाट दक्षिण | यसुकि निर्माण सेवा मोरङ | २०७७/०२/१५ | १२०९३३६.५५ | १० |
| ३. | बाटो कालोपत्रे गर्ने कार्य गढी ६ , सितागंज पुर्व | चन्द्रमोहन कन्ट्रक्सन,सिराहा | २०७७/०२/१५ | १४७८५१० | १४ |
| ४. | बाटो कालोपत्रे गर्ने कार्य गढी १ | चन्द्रमोहन कन्ट्रक्सन,सिराहा | २०७७/०२/१५ | २१५२३३९ | २१ |
| ५. | ड्रेन निर्माण कार्य गढी ३ | ए.के.निर्माण सेवा,सुनसरि | २०७७/०२/३० | ९२४५९६ | २० |
| ६. | गा.पा.भवन घेराबेरा ,गढी २ | ए.के.निर्माण सेवा,सुनसरि | २०७७/०२/३० | २३९१६९० | २१ |
| ७. | बाटो कालोपत्रे गर्ने काम गढी ,४ फोउद्दार स्थान पश्चिम | हंस कन्स्ट्रक्सन,ससरि | २०७७/०३/१५ | ० | ० |
| ८ | गढी ४ वडा कार्यलय भवन निर्माण | समिक्षा कन्ट्रक्सन,बिराटगाउँ | २०७७/०३/१५ | १४२०८१५ | ७ |
| ९ | बाटो कालोपत्रे गर्ने काम गढी | हंस कन्स्ट्रक्सन,ससरि | २०७७/०३/१५ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५ वडा अध्यक्ष घर जाने बाटो | | | | |
| १० | गा.पा.प्रशासनिक भवन निर्माण | तुलसि भक्त कला जे.भि.बिराटगाउँ | २०८०/०२/३० | ४०००००० | ७ |
| | जम्मा | | | १४५२४५५९ | |

११. **नक्सा पास** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष गाउँपालिकामा नक्सा पाससम्बन्धि देहाय अनुसारको काम कारबाही भएको देखिन्छ। त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

| क.स. | घर नक्सा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमित लिएको मध्ये | यो वर्ष अनुमित लिएका मध्ये | जम्मा |
| १ | १६९ | ० | १५४ | १५ | १६९ |

१२. **सेवा प्रवाह –** गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्बन्धि विवरण देहाय अनुसार रहेको छ ।

| क.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १०५३ | १०५३ |
| २ | घरबाटो सिफारिस | ११६१ | ११६१ |
| ३ | नाता प्रमाणित | २८५ | २८५ |
| ४ | जन्म, मृत्यु दर्ता | ११७४ | ११७४ |
| ५ | अन्य | २२५० | २२५० |

**प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन**

१३. **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २५ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ५६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१४. **स्थानीय तथ्याङ्क र अभिलेख** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँले स्थानीय तथ्याङ्क सम्बन्धि नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ। तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रकिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ।

| | | |
|---|---|---|
| | **कानून निर्माण र कार्यान्वयन** | |
| १५. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, २३ वटा नियमावली लगायत २७ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| १६. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६८ र यो बर्ष थप भएको २४ गरी कूल ९२ विवाद दर्ता भएकोमा ५६ वटा मात्र फछ्र्यौट भई २६ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| १७. | **राजश्व कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं.१०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं.१०३ र १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो। असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ। आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ। | |
| १८. | **विज्ञापन कर** – प्रदेश नं १ को आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विधुतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लगाई कुनै रकम असुल गरेको छैन। तसर्थ पालिकाले यस सम्बन्धि नीति निर्धारण गरी कर असुल गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ । | |
| | **आयकर एवं मु. अ. कर** | |
| १९. | **रितपूर्वकको कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। तर गाउँपालिकाले रित पूर्वकको कर विजक बेगर देहायका निर्माण व्यावसायीलाइ मु.अ.कर रु. २८५०७१ भुक्तानी गरेकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | २८५०७१ |

| भौ. नं. र मिति | विवरण | रकम | भ्याट |
|---|---|---|---|
| ५१।०७६।११।२१ समानिरकण पुँजीगत | ए के कन्स्ट्रक्सन बिजक हातले सच्चाएको | १३७३१४१ | १७८५०८ |
| ७६।०७७।१।३० समानिरकण पुँजीगत | ए के कन्स्ट्रक्सन बिजक हातले सच्चाएको | ८१९७२२ | १०६५६३ |
| | जम्मा | | २८५०७१ |

| | | |
|---|---|---|
| २०. | **वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको स्थानीय | |

| | | |
|---|---|---|
| | कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ । | |
| | **समानीकरण चालु** | |
| २१. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२५०००० तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु. | २५०००० |
| २२. | **पदाधिकारी वैठक भत्ता -** ९४।०७६।६।१५ समानिकरण चालु गाउँ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार पदाधिकारीलाई तोकिएको दर भन्दा फरक दर राखी कार्यपालिका वैठक भत्ता रकम भुक्तानी भएको र ले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १७९०१० |

| पदाधिकारीको नाम | वैठक संख्या | तोकिएको भत्ता दर | भुक त नी भएको द | कर पछिको वढी भुक्तानी |
|---|---|---|---|---|
| अध्यक्ष श्रीप्रसाद यादव | १५ | १००० | २५०० | १९१२५ |
| उपाध्यक्ष राजकुमारी चौधरी | १५ | १००० | २२०० | १५३०० |
| वडध्यक्ष शंकरला चौधरी | १३ | १००० | २००० | ११०५० |
| वडाध्यक्ष अरुण कुम र चौधरी | १४ | १००० | २००० | ११९०० |
| वडाध्यक्ष टुनालाल चौधरी | ९ | १००० | २००० | ७६५० |
| वडाध्यक्ष रामचन्द्र महतो | १३ | १००० | २००० | ११०५० |
| सुगना झागड | १२ | १००० | २००० | १०२०० |
| वडाध्यक्ष बन्धुलाल सरवरिया | ७ | १००० | २००० | ५९५० |
| का पा स सूर्य नारा ण ठाकुर | १५ | १००० | २००० | १२७५० |
| का पा स हरी लाल उराव | १५ | १००० | २००० | १२७५० |
| का पा स अमिन कुमारी थरुनी | १४ | १००० | २००० | ११९०० |
| का पा स मान क मारी थरुनी | ११ | १००० | २००० | ९३५० |
| का पा स सोनिया देवी सरदार | १२ | १००० | २००० | १०२०० |
| का पा स मालती कुमारी मोची | १३ | १००० | २००० | ११०५० |
| प्र प्र अधिकृत भक्त बहादुर भट्टराई | १३ | १००० | २२०० | १३२६० |
| लेखा अधिकृत दिल वहादुर खड्का | १३ | १००० | १५०० | ५५२५ |
| जम्मा | | | | १७९०१० |

| | | |
|---|---|---|
| २३. | **थप अनुगमन भत्ता-** गाउँ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार पदाधिकारीलाई गाउँ सभाका उपाध्यक्षलाई अनुगमन प्रतिवेदन पेश गरीसकेपछी रु १३००० का दरले अनुगमन भत्ता सुविधाको व्यवस्था गरेको छ। कार्यालयले नियमित रुपमा पदाधिकारी सुविधाको भरपाईबाट अनुगमन सुविधा उपलव्ध गराइसकेपछी पुन अनुगमन भत्ता रु.५८५०० भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु. | ५८५०० |

| भौ नं. र मिति | पदाधिकारी | अनुगमन दिन | दर | करपछिको भुक्तानी रकम |
|---|---|---|---|---|
| ७६८।०७७।३।३० समानिकरण चालु | अध्यक्ष श्रीप्रसाद यादव | १० | १००० | ८५०० |
| | वडाध्यक्ष बन्धुलाल सरवरीया | १० | १००० | ८५०० |
| | वडा सदस्य सूर्य नारायण साह | १० | १००० | ८५०० |
| | वडा सदस्य तेज नारायण यादव | १० | १००० | ८५०० |
| | वडा सदस्य शान्ति उरा | १० | १००० | ८५०० |
| | वडा सदस य माल्ती कुमारी मोची | १० | १००० | ८५०० |
| ७१२।०७७।३।२१ | वडाध्यक्ष सुगना झागड | ३ | ५०० | १५०० |
| | वडा सदस्य राजेन्द्र यादव | ३ | ५०० | १५०० |
| | वडा सदसस्य विष्णु बहादुर मगर | ३ | ५०० | १५०० |
| | वडा सदस्य सोनिया देवी सरदार | ३ | ५०० | १५०० |
| | वडा सदस्य सुनिता कुमार द स | ३ | ५०० | १५०० |
| जम्मा | | | | |

| | | |
|---|---|---|
| २४. | **बिल भरपाई लगायत कागजात पेश नभएको** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायअनुसारको भुक्तानीमा बिल भरपाई नराखी भुक्तानी गरेको देखिएको हुनाले वास्तविक प्रमाणहरु पेश हुनुपर्ने रु. | ३१४८५० |

| **भौ. नं. र मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १३४।०७६।६।२९ समानिकरण चालु | स्वीकृत भ्रमण आदेश र भ्रमण बिल वेगर भुक्तानी प्लेन टिकट रकम भुक्तानी | ९१०० |
| ७०२।०७७।३।१६ समानिकरण चालु | प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन खर्च | २५०००० |
| ७१०। ६।३।१९ समानिकरण चालु | एकोसफ टेक्नोलोजी प्रा लि | ५५७५० |
| **जम्मा** | | **३१४८५०** |

| | | |
|---|---|---|
| २५. | **बोर्डिङ पास पेश नभएको** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर पालिकाले कार्यालयका पदाधिकारी भ्रमणमा जादा भुक्तानी भएको हवाइ भाडा रकम वोर्डिङ्ग पास वेगर ग्लोवल एलिना ट्रभल एण्ड टुर्सलाई भुक्तानी देखिएको हुनाले वास्तविक प्रमाणहरु पेश हुनुपर्ने रु. | ५२८०० |

| भौ नं. र मिति | मिति | भ्रमण गर्ने पदाधिकारी | भुक्तानी रकम |
|---|---|---|---|
| १४०।०७७।६।३० | ७ अगष्ट १९ | अमिन देवी थरुनी | ३२०० |
| १४०।०७७।६।३० | ४ अगष्ट १९ | राज कुमारी चौधरी | ४७०० |
| १४०।०७७।६।३० | ४ अगष्ट १९ | मान कुमारी थरुनी | ४७०० |
| १४०।०७७।६।३० | ७ अगष्ट १९ | अरुण चौधरी | ३२०० |
| १४०।०७७।६।३० | १५ अगष्ट १९ | सत्य नारायण चौधरी | ३५०० |

| | | | |
|---|---|---|---|
| १४०।०७७।६।३० | २ सेप्टम्वर २०१९ | सत्य नारायण चौधरी | २६०० |
| १४०।०७७।६।३० | ४ अगष्ट २०१९ | सत्य नारायण चौधरी | ३७०० |
| १४०।०७७।६।३० | १५ अगष्ट २०१९ | सत्य नारायण चौधरी | ३५०० |
| ५५९।०७७।१२।१४ | ७ मार्च २०२० | श्री प्रसाद यादव | ४३०० |
| ५५९।०७७।१२।१४ | ६ मार्च २०२० | श्री प्रसाद यादव | ७५५० |
| ७००।०७७।३।१७ | ६ मार्च २०२० | श्री प्रसाद यादव | ७५५० |
| ७००।०७७।३।१६ | ७ मार्च २०२० | श्री प्रसाद यादव | ४३०० |
| **जम्मा** | | | ५२८०० |

२६. **संस्थाको विजक पेश नभएको** - आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले संस्था मार्फत तालिम कार्यक्रम संचालन गरेकोमा सम्वन्धित संस्थाले मूल्य अभिवृद्धि कर विजक जारी गरेको नदेखिएकोले निम्नानुसारका संस्थालाई भएको भुक्तानीमा कर कट्टी नपुग रकम संघीय सञ्चित कोष दाखिला प्रमाण पेश गर्नुपर्ने रु. ४०७०५२

| भौ नं. । मिति | संस्थाको नाम | भुक्तानी रकम | कट्टी रकम | नपुग कर रकम |
|---|---|---|---|---|
| १५०।०७७।७।५ समानिकरण चाँलु | साझेदारी नेपाल | ५०००० | ९३६ | ६५६४ |
| ३५६।०७७।९।२४ समानिकरण चालु | ग्रामिण विकास केन्द्र नेपाल | ७५००० | १३९८ | ९८५२ |
| ३९६।०७७।३।२६ समानिकरण चालु | लालि गुरास मल्टी टेक्निकल इन्स्टिच्युट | १५०००० | ० | २२५०० |
| ४३२।०७७।१०।१९ समानिकरण चालु | सृजनशिल सामाजिक विकास संस्था | ४८२२२ | ० | ७२३३ |
| ४३१।०७७।१०।१९ समानिकरण चालु | साझेदारी नेपाल | १००००० | ४०१३ | १०९८७ |
| ४४५।०७७।१०।२६ समानिकरण चालु | प्रगति जागरण मञ्च | १७५००० | ८४५४ | १७७९६ |
| ४४६।०७७।१०।२६ समानिकरण चालु | प्रगति जागरण मञ्च | १३५००० | ७६०७ | १२६४३ |
| ४५७।०७७।१०।२८ समानिकरण चालु | युथ फर प्लानिङ्ग एण्ड एक्सन कल्व | ७००००० | ४०९३० | ६४०७० |
| ५२६।०७७।११।२८ समानिकरण चालु | साझेदारी नेपाल | १००००० | २४६० | १२५४० |
| ६६५।०७७।२।२९ समानिकरण चालु | साझेदारी नेपाल | ६७५०० | २१५६ | ७९६९ |
| ६७८।०७७।३।३। समानिकरण चालु | समृद्ध नेतृत्व तथा जागृत मंच नेपाल | ५०००० | ७५० | ६७५० |
| ७१७।०७७।३।२२ समानिकरण चालु | सर्भिस युवा कल्व | ५००००० | ७५०० | ६७५०० |
| ७४९।०७७।३।२९ समानिकरण चालु | जनसहभागित केन्द्र नेपाल | १३५००० | ६३० | १९६२० |
| ७५१।०७७।३।२९ | चन्द्रमुखी महिला फेडरेशन | १००००० | ११९० | १३८९० |

| | | | | |
|---|---|---|---|---|
| ७३६।०७७।३।३० समानिकरण चालु | सृजनशिल सामाजिक विकास संस्था | १००००० | १५०९ | १३४९१ |
| ७७३।०७७।३।३१ समानिकरण चालु | संकल्प महिला फेडरेसन | ५५००० | ८५३ | ७३९७ |
| २।२०७७।३।२६ प्रदेश निर्वाचन चालु | सिलाइ कटाइ तालीम | २४६००० | ८१७३ | २३८०७ |
| ३।२०७७।३।२६ प्रदेश निर्वाचन चालु | युथ फर पलानिङ्ग एण्ड एक्सन क्लव | ४९३००० | २०७५५ | ५३१९५ |
| ४।२०७७।३।२६ प्रदेश निर्वाचन चालु | कम्प्युटर तालीम | २४६००० | ७६५२ | २९२४८ |
| जम्मा | | | | ४०७०५२ |

२७. **भ्रमण भत्ता –** गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले पालिकाको क्षेत्र वाहिर वास वस्न परेमा क्रमश ३ दिन २ दिन सम्मको भ्रमण आदेश अध्यक्ष र उपाध्यक्ष स्वयंले स्वीकृत गर्नसक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्ने व्यबस्था रहेकोछ । यसै गरी दफा ८ अनुसार भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्धेश्य कारण र भ्रमणवाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमण बाट प्राप्त उपलव्धीको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत कार्यालयमा पेश गर्नु पर्ने व्यबस्था रहेको छ ।यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यबस्था रहेको छ।यस बर्ष पालिकाका पदाधिकारी तथा कर्मचारीलाई भ्रमण भत्ता खर्च लेखेको देखियो।

पदाधिकारीहरुको ऐनले तोकेको अवधिभन्दा बढी अबधिको भ्रमण आदेश आफैले स्वीकृती गरेको कार्यपालिकाको बैठक बाट अनुमोदन नगरेको, भ्रमणको उद्देश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिबेदन दिने नगरेको र नियमानुसार भ्रमण अभिलेख राख्ने गरेको देखिएन।कानूनमा तोकिए बमोजिमको प्रक्रिया पालना गर्नु पर्दछ ।

**सघं शसर्त**

२८. **शिक्षक दरवन्दी र पदपूर्ति-** गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपूर्ति देहाय अनुसार रहेको छ ।

| सि. नं. | विधालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विधार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती मावि औरावनी | १८ | १५ | ५ | ४४७ |
| २ | श्री माध्यमिक विद्यालय, टिठहा | १७ | १७ | ९ | ७५८ |
| ३ | श्री मजदुर किसान मा वि, मधेली | १६ | १५ | १ | २९६ |
| ४ | श्री जनता मा वि, सत्तेरीरा | १६ | १६ | ६ | ५९४ |
| ५ | श्री गढदेव आ वि औरावनी | ८ | ८ | २ | १७० |
| ६ | श्री फौदारस्थान आ वि | ९ | ९ | ६ | ३०३ |
| ७ | श्री जनता आ वि, सत्तेरोरा | ६ | ६ | ३ | १५९ |
| ८ | श्री राष्ट्रिय आ वि, सत्तेरीरा मझौ | ५ | ५ | ३ | १०६ |
| ९ | श्री जनता आ वि, औरावनी | ४ | ४ | २ | १०१ |
| १० | श्री गोरखनाथ आ वि औरावनी | ३ | ३ | १ | ५१ |
| ११ | श्री नन्द आ वि, मधेली धनपूरी | ४ | ४ | २ | १५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | श्री थलाहा आ वि, मधेली | ३ | ३ | १ | १३२ |
| १३ | श्री गढी बालविकास आ वि, औरावनी | २ | २ | १ | ८६ |
| १४ | श्री आधारभुत विद्यालय, सत्तेरोरा | ४ | ४ | २ | १०९ |
| १५ | श्री रामसीता आ वि, छिटाहा | ४ | ४ | ३ | ८१ |
| १६ | श्री भवानी आ वि सत्तेरोरा | ४ | ४ | ३ | १२६ |
| १७ | श्री ग्राम धामी धमियन आ वि, छिटाहा | ४ | ४ | ४ | १०६ |
| १८ | श्री रत्न आ वि गढी ६ , औरावनी | ४ | ४ | ४ | १५८ |
| १९ | श्री रत्न आ वि गढी ३ छिटाहा | ३ | ३ | ३ | ६१ |
| २० | श्री गंगा आधारभुत विद्यालय, सत्तेरभोरा | ० | ० | ० | १०२ |
| २१ | श्री कौशिका लोकतन्त्र आवि, छिटाहा | १ | १ | १ | ३९ |
| २२ | श्री दिनाभद्री आवि, सत्तेरभोरा | २ | २ | २ | ७४ |
| २३ | श्री कुन्ती आधारभुत विद्यालय, औरावनी | २ | २ | २ | १२९ |
| २४ | श्री सरस्वती आधारभुत विद्यालय, सत्तेरभोरा | १ | १ | १ | ७८ |
| २५ | श्री मदरसा मोहमदिया, मधेली | १ | १ | १ | २४५ |
| | **जम्मा** | १४१ | १३७ | ६८ | ४६६६ |

उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औसतमा ३३ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, तराइमा ५० जना विद्यार्थी संख्या बरावर १ शिक्षक दरबन्दी हुनु पर्नेमा विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

२९. **घटी कर –** आयकर ऐन २०५८ को दफा ८७ अनुसार रोजगारीको आय गणना गरी अनुसूचीमा तोकिए बमोजिम करको गणना गरी कर कट्टा गरी सके पश्चात पारिश्रमिक भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर देहायका कर्मचारीहरुलाई आर्थिक वर्ष २०७६।७७ मा पारिश्रमिक भुक्तानी गर्दा १ प्रतिशत मात्र कर कट्टी गरी पारिश्रमिक भुक्तानी गरेको नदेखिएकोले नपुग कर असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. १६२२४९

| कर्मचारी | करयोग्य आय | कर दायित्व | कर भुक्तानी | कर बाँकी |
|---|---|---|---|---|
| बुधसेन यादव, छैटौं तह | ५७०७८२ | १८६५६ | ५७०७ | १२९४९ |
| जागेश्वर मण्डल, छैटौं तह | ५३६४९८ | १३१५० | ५३६४ | ७७८६ |
| राजेन्द्र प्रसाद यादव, छैटौं तह | ६०९४१८ | २६३८४ | ६०९४ | २०२९० |
| राजाराम पंडित, छैटौं तह | ६०९४१८ | २६३८४ | ६०९४ | २०२९० |
| लिलादेवी खाँ चौधरी, छैटौं तह | ५६०६९६ | १४९७६ | ५६०७ | ९३६९ |
| महेश कुमार राय, छैटौं तह | ६०९४१८ | २६३८४ | ६०९४ | २०२९० |
| बाबुराम पोखरेल, पाचौं तह | ५२४५२८ | ११९५३ | ५२४५ | ६७०८ |
| शोभा सापकोटा, पाचौं तह | ५२४५२८ | १०७५८ | ५२४५ | ५५१३ |
| डा विमलेन्द्र चौधरी, आठौं तह | ६७५८४० | ३९६६८ | ६७५८ | ३२९१० |
| राजकुमार मेहता, छैठौ तह | ६३२६५८ | ३१०३२ | २२३६० | ८६७२ |
| महेश पोखरेल, छैठौं तह | ५९४५८६ | २३४१७ | ५९४५ | १७४७२ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | | | १६२२४९ |

३०. **फरक शीर्षकबाट भुक्तानी** -९७।२०७७।२।३० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४(२)क ले खर्च गर्दा खर्च गरिने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित शिर्षकमा परेको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी बजेट बाँडफाँडको अख्तियारीको निर्देशनमा समेत प्रचलित ऐन नियमको पालना गरी खर्च गर्न निर्देशन दिइएको छ। कार्यालयले मातृ तथा नवशिशु कार्यक्रमबाट कोभिड १९ स्वास्थ्य सामग्री खरीदमा रु.२४९३१६ शिर्षक फरक पारी खर्च लेखेको अनियमित रु. — २४९३१६

३१. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर पालिकाले रिद्धि सिद्धि मेडिटेक इन्टरनेशनल प्यान नं ६११७६३०१५ लाइ भुक्तानीमा ५० प्रतिशत रकम कट्टी नगरी पुरा रकम भुक्तानी दिएकोले रु.५९६७० को कर समायोजन प्रमाण पेश हुनेपर्ने रु. — ५९६७०

३२. **खर्च भन्दा बढी रकम भुक्तानी** – १२७।२०७७।३।२४ संघ सशर्त आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर पालिकाले माटो परीक्षण गरी माटो सुधारको लागि सामग्री हस्तान्तरण कार्यक्रमका लागि समाज तथा मानव विकास कार्यकर्ता मञ्च संग सम्झौता भए अनुसार ६ वटा वडाको १२० वटा केश परीक्षण गर्नु पर्नेमा जम्मा ३० वटा केश १ वटा वडामा मात्र गरेकोले सम्झौता अनुसार बढी भुक्तानी ९० केशको २५० का दरले २२५०० र ५ वटा वडामा तालिम कार्यक्रम खर्च नभएको रु.१२२००० समेत असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. — १४४५००

३३. **पाठ्यपुस्तक अनुदान रकम** – कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ अनुसार सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्दा पहिलो किस्ताबापत ७५ प्रतिशत रकम २०७६ IEMIS Data अनुसार र बाँकी रकम २०७७ IEMIS Data अनुसार पेश भएको विल भरपाई अनुसार निकासा दिनु पर्ने उल्लेख छ । पालिकाले २०७६ कै IEMIS Data अनुसार विद्यालयलाई पाठ्यपुस्तक अनुदान निकासा दिदा देहायका विद्यालयलाई बढी निकासा भएको असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. — १३६२९०

| विद्यालयको नाम | IEMIS Data ०७७ अनुसार निकासा जाने | निकासा रकम | बढी निकासा |
|---|---|---|---|
| गोरखनाथ प्रा वि | १३२०३ | २०९४२ | ७७३९ |
| रत्न आ वि | ४८६२१ | ५३३९३ | ४७७२ |
| ग्राम धामी धामीथान प्रा वि | २७०६७ | २९०१५ | १९४८ |
| रतन प्रा वि | २१०२५ | ५३३९३ | ३२३६८ |
| मा वि गढी छिटाहा | ४०६४९२ | ४५७८९७ | ५१४०५ |
| नन्द प्रा वि | ४४३५९ | ४६९४९ | २५९० |
| मजदुर किसान मा वि | १५४४०२ | १८११८६ | २६७८४ |
| मदरशा मोहमदीया | ७७३८१ | ८३४१७ | ६०३६ |
| राष्ट्रिय आ वि | ३९३१० | ४१९५८ | २६४८ |
| जम्मा | | | १३६२९० |

३४. **असम्बन्धित खर्च** -११७।२०७७।३।२१ सशर्त चालु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। तर लामो अवधिको जन्मान्तरको लागि

| | | |
|---|---|---|
| | स्याटलाईट सेवा कार्यक्रममा सशर्तको विनियोजित बजेट रु.३५००० सीमा भित्र कार्यक्रम गर्नु पर्नेमा कार्यक्रम सञ्चालन पुस्तिकाको नर्म्स विपरीत रु.२७००० अनुगमन तथा भत्तामा खर्च गरेको अनियमित देखिएको रु. | २७००० |
| ३५. | **दिवा खाजा कार्यक्रम – सशर्त १००।२०७७।३।१६** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ अनुसार लक्षित समुहमा बालबालिकालाई स्थानीय तहले दिवा खाजा उपलब्ध गराउदा विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्र अ र विव्यस अध्यक्षबाट प्रमाणित गराई यकिन भएको संख्याको आधारमा दिने तथा तेस्रो चौमासिक निकासा दिदा पहिलो र दोश्रो चौमासिक निकासा भएको रकम सदुपयोग भएको सुनिश्चित गरेर मात्र दिने व्यहोरा उल्लेख गरिएको छ । पालिकाले दोश्रो चौमासिकको दिवा खाजाबापतको रकम विभिन्न विद्यालयलाई निकासा दिँदा विद्यार्थीको बास्तविक हाजिरी प्रमाणितको आधारमा नभई भौ नं ९३।२०७७।२।१६ मा IEMIS अनुसार उच्चतम हाजिरीको ८० प्रतिशत र भौ नं १३३।२०७७।३।२५ अनुसार थप रकम निकासा गरेको छ ।निकासा भएको रकम सदुपयोग भएको सुनिश्चित गर्न दिवा खाजावापतको रकम सम्बन्धित विद्यार्थीको अभिभावकले बुझेको भर्पाई पेश भएको देखिदैन। विश्वव्यापी रुपमा फैलिएको कोभिड महामारीको कारण विद्यालयहरु बन्द रहेको अवस्थामा दिवा खाजा वापतको रकम २०७६।१२।११ पश्चात निकासा गर्नुपर्ने अवस्था नै नरहेकोले सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | १३७८६५ |

| विद्यालयको नाम | IEMIS अनुसार निकासा जाने उच्चतम रकम | निकासा कूल रकम | बढी निकासा |
|---|---|---|---|
| सरस्वती मा वि औरावनी | ४३५७५ | ५८५४५ | १४९७० |
| रत्ना आ वि गढी औरावनी | १७१८१० | १७९५९५ | ७७८५ |
| कुन्ति आ वि औरावनी | ६३४९५ | १२४६२० | ६११२५ |
| थलाहा आ वि मधेली | ११४५४० | ११५९०५ | १३६५ |
| गोरखनाथ आ वि औरावनी | ६२२५० | ७१७३० | ९४८० |
| रामसीता शिशु आ वि | ७३४५५ | ९९१९५ | २५७४० |
| ग्रामधामी धमियान आ वि | ९२१३० | ९५१७५ | ३०४५ |
| दिनाभद्री प्रा वि | ७९६८० | ८९९८५ | १०३०५ |
| मदरसा महमदिया | १६२००० | १६६०५० | ४०५० |
| जम्मा | | | १३७८६५ |

| | | |
|---|---|---|
| ३६. | **कार्यसम्पन्न प्रतिवेदन –** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६ को खण्ड २ को कृयाकलाप नं ११.१.२.१ विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान शिर्षकको ८.२ को ञ मा स्थानीय तहले विद्यालयमा भए गरेका निर्माण कार्यको निर्माणसग सम्बन्धित कागजातहरु दुई दुई प्रति तयार गर्न लगाइ सम्बन्धित साइट ईन्जार्ज विद्यालयका प्रधानाद्यापक तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतवाट दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लाउनुपर्ने व्यवस्था छ **तर थलाहा प्राथमिक विद्यालय प्रवलीकरणको लागि रु.१३२९००० निकासा गरेकोमा** निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु. | १३२९००० |
| | **गाउपालिका पुंजीगत** | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३७. | **लागत सहभागिता** - पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ।तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | |

३८. **बढी मुल्य भुक्तानी भएको –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याकङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिदा वास्तविक खर्च मूल्याङ्कन गरी बिल बिजकको भुक्तानी दिनुपर्ने हुन्छ।तर पालिकाले देहायको भुक्तानी गर्दा लागत ईस्टिमेटमा बढी मुल्य राखि सोही अनुसार मुल्याङ्कन गरे पनि खर्च पुष्ट गर्ने बिल बिजक हेर्दा कम दरमा सामान खरिद गरेको देखिदा बढी भुक्तानी भएको रकम असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ११७९२६

| **भौचर नं. र मिति** | **सामान र परिमाण** | **लागत अनमानमा राखिएको मुल्य** | **खरिद गरेको मुल्य** | **बढी भएको रकम** | **बढी भएको जम्मा रकम** |
|---|---|---|---|---|---|
| २२।०७६।८।२ श्री काली दुर्गा मन्दिर | रड २३५४ के जी खरिद | ८५ | ७६ | १० | २११८६ |
| १८८।०७७।३।३० श्री शिव मन्दिर | सिमन्ट २०० बोरा | ९६० | ८०२ | १५७ | ३१४०० |
| २०३।०७७।३।३० ५ नं वडा कार्यालय भवन | ईटा १६५०० वटा | १९.७८ | १५.८२ | ३.९६ | ६५३४० |
| **जम्मा** | | | | | ११७९२६ |

३९. **औषधी खरिद** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। नियमावलीको नियम ३१ मा सार्वजनिक निकायले २०लाख भन्दा माथिको जुनसुकै खरिद कार्य खुला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष विभिन्न औषधिहरु खरिद गरेको सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन ।

३९.१. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ६१ (४) अनुसार पेश भएको बोलपत्र मूल्यांकन समितिले मूल्यांकन गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने कुरा उल्लेख छ। पालिकाले शिलबन्दी दरभाउपत्र मार्फत औषधी खरिद गर्दा नियमावलीको नियम ५ क बमोजिम ६४ आइटमका आवश्यक औषधीको विवरण तथा नियमावलीको नियम १४ बमोजिम रु. ९९९९५८ बराबरको लागत अनुमान स्वीकृत गराई दरभाउपत्र सम्बन्धि कागजातमा तयार गरी दरभाउपत्र आव्हान गरेकोमा विभिन्न ३ वटा फर्महरुबाट प्राप्त दरभाउ पत्र मध्ये ३६ वटा आइटममात्र मूल्यांकनमा समावेश गरी रु. ९९९३७० बराबरको औषधी ड्रग ईन्टरनेशनल फार्मेसीबाट खरिद गरेको देखियो । यसरी नियम विपरीत मूल्यांकन गरी खरिद गरिएकोले अनियमित देखिएको रु. ९९९३७०

३९.२. खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात यकिन नगरेको.

३९.३. आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखे नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको.

३९.४. आपूर्ति भएका औषधी एवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

३९.५. औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको.

| | | |
|---|---|---|
| ३९.६. | औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| ४०. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस बर्ष पालिकाले रु. ६६०९१५०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । | |
| ४०.१. | **वितरण व्यवस्था** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भुक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम असोज ९, दोश्रो चैत ४ र तेश्रो असार १४ गते निकाशा गरेको देखियो । कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ । | |
| ४०.२. | **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन । | |
| ४०.३. | **निरीक्षण तथा अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन । | |
| ४०.४. | **सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| ४०.५. | **बैंकमार्फत भुक्तानी** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम बैंक मार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराउनु पर्ने व्यवस्था भएतपनि यस आर्थिक वर्षसम्म पनि नगदै भत्ता रकम वितरण गरेको पाइयो। यसले कार्यविधिको पालना गरेको पाइएन। | |
| ४०.६. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्नेमा यो आ.व.मा बैंक मार्फत कारोबार नै गरेको पाइएन। | |
| ४०.७. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ। सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |

४१. **पेश्की बाँकी र पेश्कीको अभिलेख तथा अनुगमन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपदफा (१) र (२) मा सम्झौता अनुसार दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रुपमा उपलव्ध गराउनु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न कार्यको सिलसिलामा यस वर्ष निम्न निर्माण व्यवसायीलाई पेश्की प्रदान गरेकोमा नियमावलीको व्यवस्था अनुसारको विवरण प्राप्त गरेको तथा अनुगमन गर्ने गरेको पाइएन। अतः मोबिलाइजेशन पेश्की रकम रु.४२५०००० सम्बन्धित कार्यमा खर्च भए नभएको सम्बन्धमा अनुगमन तथा विश्लेषण गर्दै पेश्की फछर्यौट हुनुपर्ने देखिन्छ ।

| कार्यक्रमको नाम | पेश्की लिनेको नाम | रकम | म्याद |
|---|---|---|---|
| गढी गाउँपालिका भवन तथा कम्पाउण्ड निर्माण | तुलसि भक्त कला जे.भी | ४०००००० | ननाघेको |
| डिघिया टोल बाटो निर्माण कार्य | मोहन निर्माण सेवा | २५०००० | ननाघेको |
| जम्मा | | ४२५०००० | |

४२. **पेश्की बाँकी -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७९ अनुसार चालु वर्षको अन्तमा फछर्यौट गर्न बाँकी पेश्की फछर्यौट गरी सक्नुपर्ने छ। तर पालिकाले वर्षान्त सम्ममा पनि देहाय अनुसारको म्याद नाघेको पेश्की फछर्यौट नगरेको देखिएको रु.

९१५०००

| कार्यक्रमको नाम | पेश्की लिनेको नाम | पेश्कीको प्रयोजन | रकम |
|---|---|---|---|
| कुष्ठरोग पत्ता लगाउन चर्मरोग शिविर | राजेन्द्र प्रसाद यादब | कर्मचारी | २००००० |
| पोषण कार्यक्रम | राजेन्द्र प्रसाद यादब | कर्मचारी | ३००००० |
| उपभोत्ता समितिहरूका लागि अभिमुखिकरण तालिम | बद्रि नारायण खेरवार | कर्मचारी | ७५००० |
| मातृतथा नव शिशु कार्यक्रम | नितु साह | कर्मचारी | २०००० |
| बिमा तथा नबिकरण खर्च | अजय यादब | कर्मचारी | १५०००० |
| भैपरि अएका विपति न्युनिकरण | टुनालाल चौधरी | वडा अध्यक्ष | ५०००० |
| भैपरि अएका विपति न्युनिकरण | बन्धुलाल सरबरीया | वडा अध्यक्ष | ५०००० |
| भैपरि अएका विपति न्युनिकरण | रामचन्द्र महतो | वडा अध्यक्ष | ५०००० |
| भैपरि अएका विपति न्युनिकरण | सुगना झागड | वडा अध्यक्ष | २०००० |
| जम्मा | | | ९१५००० |

४३. **प्रधानमन्त्री रोजगार कार्यक्रम –** प्रधानमन्त्री रोजगार कार्यक्रम कामका लागि पारिश्रमिक सामुदायिक आयोजना कार्यविधि २०७६ को बुदाँ ७ (ख) अनुसार स्थानीय तहले सम्बन्धित प्राविधिक कर्मचारीबाट आयोजनाको लागत अनुमान तयार गरी स्वीकृत गराएको हुनु पर्ने व्यवस्था छ। त्यस्तै गरी बुदाँ २१(४) मा लागत अनुमान अनुसारको कार्यसम्पन्न भए नभएको यकिन गरी वास्तविक कार्यसम्पन्नको आधारमा भुक्तानी दिनु पर्ने कुरा उल्लेख छ। प्रधानमन्त्री रोजगार कार्यक्रम रु.२०४००९१ खर्च गरेकोमा उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिएन।

४४. **कोरोना कोष तर्फ** – कोभीड १९ को व्यवस्थापन गर्न रु.९९१६२७४ आम्दानी गरेकोमा विभिन्न कार्यमा रु.८५५०६२८ खर्च भई रु.१३६५६४६ मौज्दात रहेको पाइयो। कोरोना रोकथाम तथा उपचारमा खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४को पालना गरी खर्च गर्ने तर्फ पालिका सम्बद्ध सबै पक्षको ध्यान जानु आवश्यक देखियो।

४५. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

४६. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ६ परियोजना सञ्चालन गर्न रु. १३७३९५५८ बजेट प्राप्त भएकोमा रु.१३७३९५५८ खर्च भई १०० प्रतिशत वित्तीय प्रगति प्राप्त भएको देखिन्छ ।

| आयोजनाको प्रकार | आयोजना को संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| भौतिक | ६ | १३७३९५५८ | १३७३९५५८ | १०० | १०० |

४७. **भेरिएसन** - सार्वजनिक खरिद नियमावली,२०६४ नियम ११८ अनुसार खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को कारण खोली भेरीएसन परिमाणको प्राविधिक पुष्ट्याइँ र कारण समेत उल्लेख गरी सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्न सक्ने उल्लेख छ। तर कार्यालयले देहायका योजनामा भेरीएसन आदेश जारी नभएकोमा भुक्तानी गरेको अनियमित देखिएको रु. २६९९०

| भौ नं. र मिति | योजना | काम | सम्पन्न नभएको परिमाण | रकम |
|---|---|---|---|---|
| १४।२०७७।३।१९ | आरती महिला सहकारी संस्था भवन निर्माण | ब्रिक मेशिनरी | १ | १२३१६ |
| | | सालको चौखट | .०८ | १४६७४ |
| | | | जम्मा | २६९९० |

४८. **बिजक भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष निम्न अनुसारका उपभोक्ता समितिवाट काम गरी रु.३७१३१६० भुक्तानी गरेको छ। उक्त कामको लागत अनुमान अनुसार माटो पुरी ग्राभेल गर्ने काममा नर्म्स बमोजिम रोलर र ग्रेडर समेत समावेश गरी लागत अनुमान तयार गरेको छ। उपभोक्ता समितिले रोलर र ग्रेडर प्रयोग गरेको विजक पेश नगरेकोले उक्त काममा रोलर र ग्रेडर प्रयोग भएको देखिदैन। रोलर र ग्रेडर प्रयोग नगरेको काममा लागत अनुमानको दरले भुक्तानी गर्दा निम्न अनुसार रोलर र ग्रेडर प्रयोगको समेत रु. १३३२९८ भुक्तानी भएकोले नभएको कामको भुक्तानी गरेको असुल गर्नु पर्ने रु. १३३२९८

| भौ नं. र मिति | योजना | परिमाण | रोलर र ग्रेडर प्रयोग गर्नु पर्ने घण्टा | दर | रकम |
|---|---|---|---|---|---|
| १७।२०७७।३।२५ | सितागञ्ज नहरको सि जि ग्रुप देखि दक्षिणवाटोमा माटो पुरी ग्राभेल गर्ने | १०५०.५८ घ मि | रोलर ३१.५ | २२०० | ९२४०० |
| | | | ग्रेडर १०.५ | | |
| २२।२०७७।३।२८ | भमरी हेल्थपोष्ट देखि पूर्व जाने वाटो मिया टोली हुदै पूर्व नहर | ६१९.७१ | रोलर १८.५९ | २२०० | ४०८९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्म ग्राभेल गर्ने | | | | | | |
| जम्मा | | | | | १३३२९८ | | |

| | | |
|---|---|---|
| ४९. | **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । | |
| ५०. | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । तर कार्यालयले सम्परीक्षणको लागि पेश गरेको छैन । | |
| ५१. | **सञ्चित कोष र बेरुजुको अद्यावधिक स्थिति** - पालिकाको सञ्चित कोषको स्थिति, बेरुजु वर्गीकरण र बेरुजुको अद्यावधिक स्थिति क्रमश अनुसुची १, २ र ३ मा रहेको छ । | |

## गढी गाउँपालिका, सुनसरी को सञ्चित कोष विवरण
२०७६।७७

अनुसुची १

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| गढी गा पा | सुनसरी | ९४१४४० | ६६८६ | ०.७१ | ७६८८६ | ३२१४६६ | ५३९२६ | ४७०६ | १०९७१८ | ४८९८१६ | ७६२२२ | ८५४४४ | २८९९५८ | ४५१६२४ | ११५०७८ |

## बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)
२०७६।७७

अनुसुची २

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| गढी गा पा | सुनसरी | ३० | २५ | २११६८ | ० | ५ | १५१८२ | ३० | २० | ५९८६ | १४७७ | १५५३ | २०४१ | ० | ० | ३५९४ | ९१५ | ० | ९१५ |

## अद्यावधिक बेरुजु स्थिति
२०७६।७७

अनुसुची ३

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी बेरुजु | समायोजन | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | सं.प.बाट कायम बेरुजु रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गढी गा पा | सुनसरी | ३२६९२ | ० | ० | ० | ० | ० | ० | ३२६९२ | ५९८६ | ३८६७८ | १४८५ |